नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# उद्योग विभाग

त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

## वातावरणीय मापदण्डहरुको पूर्ण परि-पालना गर्ने सम्बन्धी सूचना !!!

उद्योगहरूबाट फोहोर पानी प्रशोधन नगरी खोलामा सिधै विसर्जन गरी खोला प्रदूषण गरेको तथा वायु प्रदुषण, ध्वनी प्रदुषण न्यूनीकरणका उपाय अवलम्बन नगरी वातावरणमा असर पारेको भनी विभिन्न माध्यमबाट गुनासो तथा उजुरी प्राप्त भएको हुँदा वातावरणीय कानूनको अक्षरशः पालना गरी उद्योगको सञ्चालन अनिवार्य दायित्व भएकाले यस विभागको ध्यानाकर्षण भएको छ।

यस विभागले प्रचलित औद्योगिक तथा वातावरणीय कानून बमोजिम उद्योग दर्ता/ क्षमता वृद्धि तथा वातावरणीय अध्ययन प्रतिवेदन (IEE/EIA) स्वीकृत गर्दा उद्योगहरूले उत्पादन प्रक्रिया तथा अन्य गतिविधिबाट उत्पन्न हुने वायू,ध्वनी प्रदूषण नियन्त्रण गर्ने यन्त्र उपकरण तथा फोहोर पानीलाई यथोचित प्रशोधन गर्ने यन्त्र, उपकरण वा फोहोर पानी प्रशोधन प्रणाली (Effluent Treatment Plant-ETP) जडान गरी सञ्चालन गर्ने तथा नियमित अनुगमन मूल्याकङ्नलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्दै आएको व्यहोरा सबै उद्योगहरुलाई विदितै छ।

यस विभागमा दर्ता भई सञ्चालित उद्योगको हकमा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन (IEE/EIA) मा उल्लेख भए अनुसारका वातावरणीय व्यवस्थापन योजना (Environmental Management Plan-EMP) अन्तर्गतका प्रदूषण न्यूनीकरणका उपायहरू (Mitigation Measures) को प्रभावकारी कार्यान्वयन गर्दै उद्योग सञ्चालन गर्न तथा नेपाल सरकारले सम्बन्धित उद्योगका लागि निर्धारण गरेको Noise, Air Emission and Effluent Standard अनुसार उद्योग सञ्चालन हुनु पर्ने कानुनी व्यवस्थाको पूर्ण परिपालना सुनिश्चित गर्न समय समयमा उद्योगहरूलाई निर्देशन भएको व्यहोरा पनि अवगत नै छ। साथै प्रदेश सरकार मातहतका निकायमा दर्ता रहेका उद्योगको हकमा समेत सम्बन्धित निकायबाट प्रचलित संघीय/ प्रदेश कानून बमोजिम आवश्यक नियमन तथा कारबाही हुन लेखी पठाइएको छ।

अतः उद्योगबाट उत्सर्जन भई सतही पानीमा विसर्जन गर्ने प्रशोधित पानी तथा उद्योगबाट पैदा हुने वायु उत्सर्जन अनिवार्य रुपमा नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनु पर्ने व्यवस्था अनिवार्य रुपमा मिलाई सम्बन्धित उद्योगलाई तोकिएको Noise, Air Emission and Effluent Parameters को विश्लेषण प्रतिवेदन र Air Emission Control Equipment, Effluent Treatment Plant को यथार्थ विवरण सहित यो पत्र प्राप्त भएको मितिले ३० दिनभित्र यस विभागको इमेल info@doind.gov.np मा जानकारी गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासन गरिएको छ।तोकिएको औद्योगिक तथा वातावरणीय मापदण्ड उल्लङ्घन गरेको पाइएमा प्रचलित कानुनबमोजिम कडाभन्दा कडा कारवाही भई जाने व्यहोरा समेत यसै सूचनामार्फत सम्बन्धित सबैलाई सूचित गरिएको छ।

मितिः २०८३/०२/२९

(निर्देशक)